# भाग २

## नेपाल सरकार

## कानून तथा न्याय मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ अनुसार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमका अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६७ सालको अध्यादेश नं. ३

### आर्थिक वर्ष २०६७/०६८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावना :** आर्थिक वर्ष २०६७/०६८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम तत्काल विनियोजन गर्न वाञ्छनीय भएको र हाल व्यवस्थापिका–संसदको अधिवेशन नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ अनुसार मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस अध्यादेशको नाम "विनियोजन अध्यादेश, २०६७" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

१५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **आर्थिक वर्ष २०६७/०६८ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार** : आर्थिक वर्ष २०६७/०६८ को निमित्त अनुसूची–१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च र रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रु. ३,०६,४९,६३,८७,०००।( (अक्षरेपी तीन खर्व छ अर्व उनान्चास करोड त्रीसठ्ठी लाख सतासी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यो अध्यादेशद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६७/०६८ को निमित्त अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।



४११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर चालु तथा पूँजीगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ८७ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या ११ देखि ९५ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>स्थानीय निकायलाई निशर्त अनुदान दिने</u>: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने निशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ । यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

## नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सञ्चित कोष माथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | राष्ट्रपति | ४४८६ |
| २ | १२ | उपराष्ट्रपति | ३६१३ |
| ३ | १३ | संविधानसभा/व्यवस्थापिका-संसद | ६४३९ |
| ४ | १४ | अदालत | १४०८४९ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८५१७० |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | १६००३८ |
| ७ | १७ | लोक सेवा आयोग | १५०२४० |
| ८ | १८ | निर्वाचन आयोग | १५३१७६ |
| ९ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ८७९०८ |
| १० | ८१ | अर्थ मन्त्रालय - आन्तरिक ऋण भुक्तानी | १५११०८०६ |
| ११ | ८२ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | १२२२६९२० |
| १२ | ८३ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ३२२३९६८ |
| १३ | ९५ | अर्थ मन्त्रालय विविध | ५०००० |
| जम्मा | | | ३१४०३६१३ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची –२

(दफा २ संग सम्बन्धित)

<u>सञ्चित कोषबाट खर्च हुने रकम</u>

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. स. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्चतर्फ विनियोजित रकम (रु. हजारमा) | पूंजीगत खर्चतर्फ विनियोजित रकम (रु. हजारमा) | जम्मा विनियोजित रकम (रु. हजारमा) |
| १ | ११ | राष्ट्रपति | ५७४०१ | ९४७०० | १५२१०१ |
| २ | १२ | उपराष्ट्रपति | १४९६३ | १५६५० | ३०६१३ |
| ३ | १३ | संविधानसभा/व्यवस्थापिका-संसद | ८२८८७३ | १८५०० | ८४७३७३ |
| ४ | १४ | अदालत | ११०६१६६ | ३९५७१६ | १५०१८८२ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १८७७८ | २१९४ | २०९७२ |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | ९१७५ | ६६२४ | १५७९९ |
| ७ | १७ | लोक सेवा आयोग | ४२८३ | २३७०९ | २७९९२ |
| ८ | १८ | निर्वाचन आयोग | ९७५५८० | १५६८७ | ९९१२६७ |
| ९ | १९ | महान्यायाधिवक्ताको कार्यालय | १९२९४३ | ६४२९८ | २५७२४१ |
| १० | २० | न्याय परिषद् | ९२९२ | ३३७ | ९६२९ |
| ११ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ० | ३८६० | ३८६० |
| १२ | २५ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३८४९७७ | ३४९३१३४ | ३८७८१११ |
| १३ | २६ | उप-प्रधानमन्त्रीको कार्यालय | १४४६ | ० | १४४६ |
| १४ | २७ | राष्ट्रिय सतर्कता केन्द्र | ३९१३८ | १४९३ | ४०६३१ |
| १५ | ३५ | अर्थ मन्त्रालय | २५९५७१४ | ५९१८१८१ | ८५१३८९५ |
| १६ | ३७ | ऊर्जा मन्त्रालय | ९६००९ | ६३५५६९ | ७३१५७८ |
| १७ | ३८ | उद्योग मन्त्रालय | ८९५७८९ | १०२०२८४ | १९१६०७३ |
| १८ | ३९ | कानून तथा न्याय मन्त्रालय | ५१९९८ | ९७०४ | ६१७०२ |
| १९ | ४० | कृषि तथा सहकारी मन्त्रालय | ८९१९४९५ | १६०४०३१ | १०५२३५२६ |
| २० | ४५ | गृह मन्त्रालय | २०१५३७८४ | १५८७९२० | २१७४१७०४ |
| २१ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | २१३०८८८ | ३५०६५३६७ | ३७१९६२५५ |
| २२ | ४९ | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४०६९०३ | ७२२६१४ | ११२९५१७ |
| २३ | ५० | परराष्ट्र मन्त्रालय | १९६०७२९ | ५०४८३६ | २४६५५६५ |
| २४ | ५१ | विज्ञान तथा प्रविधि मन्त्रालय | १६२१०७ | २६३२७७ | ४२५३८४ |
| २५ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | १४१८५७४ | ४०९२५२ | १८२७८२६ |
| २६ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ९३२७४० | २५७१९९ | ११८९९३९ |



१५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।